# ओमसतिया गाँउपालिकाको आ.व. २०७६।०७७ को नीति तथा मार्गदर्शन

ओमसतिया गाउँपालिकाको यस ऐतिहासिक एवं गरीमामय पाँचौं गाउँसभाका उपस्थित हुनु भएका विशिष्ट अतिथीज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, अतिथिज्यूहरु, कार्यालय प्रमुख एवं सम्पूर्ण राष्ट्रसेवक शिक्षक तथा कर्मचारीज्यूहरु, सुरक्षा निकायका मित्रज्यूहरु, संचार क्षेत्रका प्रमुख एवं प्रतिनीधिज्यूहरु, गैर सरकारी तथा नीजि क्षेत्रका प्रमुख एवं प्रतिनीधिज्यूहरु, उपस्थिती सम्पूर्ण अतिथि एवं महानुभावहरु ! हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित भैदिनु भएकोमा हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दछु ।

सामाजिक र साँस्कृतिक विविधतायुक्त, सबै जातजातिको सुन्दर समिश्रण रहेको ओमसतिया गाउँपालिकाको विकासको मार्गदर्शक आ.व. २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम यहाँहरु माझ प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित महसुस गरेको छु ।

ओमसतिया गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुतीको यस सु-अवसरमा म देश र जनताको लागि आफ्नो जीवनको आहुति दिने ज्ञात अज्ञात सम्पूर्ण शहीदहरुप्रति भावपूर्ण हार्दिक श्रद्धान्जलि अर्पण गर्दछु ।

आदरणीय महानुभावहरु,

देशबाट राजनीतिक संक्रमणकालको पूर्णत: अन्त्य भएको छ । लामो समयसम्म रहेको राजनीतिक संक्रमणकाललाई वि.सं. २०७४ मा सम्पन्न सफल निर्वाचनले अन्त्य गर्दै देशलाई स्थिरताको यात्रातर्फ अघि बढाएको छ । देशको राजनैतिक स्थिरता संगै नेपाल सरकारको सर्वाङ्गीण विकासको नीतिलाई यस ओमसतिया गाउँपालिकाले समेत काँधमा काध मिलाउदै गाउँपालिकाको आ.व.२०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम लिएर तपाईहरु समक्ष प्रस्तुत हुन पाउँदा अत्यन्तै गौरवान्दित भएको छु । हाम्रा आवश्यकताहरु अनन्त छन्, चाहनाहरु असीमित छन्, तर साधन श्रोतमा सीमितता छ । यिनै असीमित चाहना र सीमित साधन श्रोतलाई अतिउत्तम तरिकाले सन्तुलन गर्दै उपयुक्त नीति अवलम्बन गर्दै ओमसतिया गाउँपालिका विकासमा अतुलनीय फड्को मार्ने जमर्को गर्दैछ । त्यसैको लागि नीतिगत आधार बनाउदै आर्थिक बर्ष २०७६।७७ को नीति तथा मार्गदर्शन यहाँहरु समक्ष पस्कदैछु । सबैको सकारात्मक सोच, विकास अभियानमा संलग्नता, उपलब्ध स्रोत र साधनको समुचित उपयोग मार्फत अघि बढ्न सक्यौं भने हामीलाई हाम्रो लक्ष्य प्राप्ति गर्न कुनै कठिनाई हुनेछैन । यस ऐतिहासिक गाउँसभा मार्फत म सबैलाई गाउँपालिकाको विकास निर्माण अभियानमा हातेमालो गर्दै समृद्ध ओमसतिया निर्माणमा सहभागी हुन हार्दिक अपिल गर्दछु ।

आदरणीय उपस्थित महानुभावहरु,

सामाजिक, आर्थिक, राजनैतिक एवं भौतिक विकासको दृष्टिले हामीसँग थुप्रै सम्भावना र चुनौतीहरु रहेका छन् । हाम्रो साझा प्रयत्नबाट यी सम्भावना तथा चुनौतीहरुलाई अवसरको रुपमा उपयोग गर्दै अघि बढ्न सक्यौं भने ओमसतिया गाउँपालिकालाई चाहेको जस्तो नमूना गाउँपालिकाको रुपमा विकास गर्न सकिने कुरामा कुनै दुईमत हुन सक्दैन । तथापि, हामी अगाडि बढ्दै जाँदा पछाडि पनि फर्केर हेर्नुपर्ने हुन्छ । विगतमा देखिएका कमीकमजोरीहरुलाई सुधार गर्दै अगाडि बढ्यौं भने मात्र हामी लक्ष्यमा पुग्न सक्दछौं, समृद्ध ओमसतिया बनाउन सक्दछौं ।

लामो समयदेखि स्थानीय तहमा जनप्रतिनिधिको रिक्तता भईरहेको अवस्थामा २०७४ को स्थानीय तहको निर्वाचन मार्फत स्थानीय तहमा जनप्रतिनिधिहरु आईसकेको र स्थानीय सरकारको रुपमा देश र जनताले मान्यता दिई सकेको करिब २ बर्ष पुरा भएको छ । यस २ बर्षमा जनताले खोजेको विकासलाई निकास दिने प्रयत्न गर्दागर्दै पनि धेरै कुराहरुले हामीलाई साथ दिईरहेको छैन । सरकारको स्पष्ट कार्यनीति वा निर्देशन नहुनु, संघीय तथा

प्रदेश सरकारका बिषयगत ऐन कानूनहरु बनिनसक्नु, कर्मचारीहरुको चरम अभाव हुनु, स्थानीय तहमा रहेका जनप्रतिनिधिहरु समेत आफ्नो काम, कर्तव्य, अधिकार र दायित्वसंग प्रशिक्षित नहुनु, उपयुक्त योजनाको पहिचान र बजेट व्यवस्थापन गर्न नसकिनु, कार्य पद्धति र विधिको स्थापना नहुनु, भौतिक संरचनाको अभाव रहनु आदि जस्ता कारणहरुले सोचे जति उपलब्धी हासिल हुन नसकेता पनी हामिले ल्याएका विभिन्न कार्यक्रमहरु जस्तै बालिका विमा कार्यक्रम लगायत अन्य केही कार्यक्रमहरु देशकै नमूना कार्यक्रमको रुपमा स्थापित हुन पुगेका छन् र समग्रमा यस गाउँपालिकाको कार्य सम्पादन स्तर उच्च रहेको छ। ओमसतियाबासीहरुको प्रत्यक्ष जनादेश प्राप्त गर्नका लागि हामीले गरेका प्रतिबद्धताहरु हामीले भुलेका छैनौं । हामि निर्वाचित भै जनताविच स्थानिय सरकारकोरुपमा आएको पनी करिव २ बर्ष भै सकेको छ। यस विचमा केही केही आशा लाग्दा कामहरुको पनी थालनी भै सकेको छ । हामीले पुरा गर्न नसकेका प्रतिवद्धताहरु आउने दिनहरुमा क्रमश पूरा गर्दै जाने बचनबद्धता हामी व्यक्त गर्न चाहन्छौं।

आदरणिय उपस्थित महानुभावहरु,

गाउँपालिकाको भौगोलिक अवस्थिती समथर भएको कारण सुगम देखिएता पनी त्यसको प्रचुर उपयोग गर्न सकिएको छैन। गाउँपालिकाको एउटा वडाबाट अर्को वडामा जान पनी अर्को पालिकाको सडक प्रयोग गर्नुपर्ने बाध्यता छ। आवश्यक भौतिक पूर्वाधारहरु निर्माण गर्न सकिएको छैन। उपलब्ध भएका श्रोतसाधनहरुको पनी सही उपयोग र संरक्षण गर्न सकिएको छैन । गाउँपालिकाको आर्थिक र सामाजिक अवस्था पछाडी छ, शैक्षिकरुपमा समेत कमजोर छ। अशिक्षा, गरिवी, सामाजिक कुरीति एवं कुसंस्कार, सचेतनाको अभाव यहाँको एउटा कमजोर पक्ष हो । छुवाछुत, भेदभाव, बालविवाह, अनमेल विवाह, भ्रूण हत्या आदि जस्ता विकृतिहरु समाजमा अझैपनि व्याप्त रहेको अवस्था छ। धनी र गरिव बिचको असमानताको खाडल बढ्दो छ। यस्ता विविध समस्याहरुका विच जनताले प्रत्यक्ष रुपमा परिर्वतन महशुस गर्ने गरी कार्यक्रम संचालन गर्नुपर्ने अभिभारा हामी समक्ष छ। यी सबैपक्षहरुलाई व्यवस्थित गर्न आवश्यक श्रोत साधनको कमी रहनु, संघिय बजेटमा मात्र विकास गतिविधि निर्भर रहनु, स्थानीय आयश्रोतको अभाव रहनु यी हाम्रो लागी धेरै सोचनिय विषयहरु हुन् । आन्तरिक आय बृद्धि गर्न सकिएन भने हामीले चाहेको विकास प्राप्त गर्न कठिक पर्न सक्दछ। तर हामी कति पनि निराश छैनौ किनकि हामी संग सम्पूर्ण ओमसतियाबासीहरुको साथ र सहयोग छ। यस वर्ष हामीले अत्यावश्यक नीति तथा कानूनहरु निर्माण गरेका छौं र आवश्यक कानूनहरु निर्माण गर्दै जानेछौं । पूर्ण रुपमा नभए पनि आवश्यक संख्यामा राष्ट्रसेवक कर्मचारी प्राप्त गरेको अवस्था छ, कर्मचारी समायोजनले गर्दा कर्मचारीहरुको स्थानान्तरण हुदाँ कार्यक्रमहरुको सञ्चालन र पद्धती बसाल्ने कुरामा केही असहजता महसुस भएता पनी कर्मचारी समायोजन करिव सकिसकेको अवस्था छ । आगामी दिनमा हाम्रो कार्यसम्पादन उच्चस्तरको रहने र सम्पूर्ण जनताले सकारात्मक परिवर्तनको महशुस गर्नेगरी सञ्चालन हुने कुरामा पूर्ण विश्वस्त छु।

आदरणिय उपस्थित महानुभावहरु,

गाउँपालिकाको आर्थिक सामाजिक अवस्था, भू-राजनैतिक बनोट जनसंख्या, धर्म, संस्कृति, रहन-सहन भेष भूषा, पेशा, व्यवसायलाई आधार मानी संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेटको सीमांकन, आगामी बर्षको राजस्व संकलन र आन्तरिक आयको अनुमान, नगद मौज्दात आदिको आधारमा रु. ४०,१३,६०,०००।- को बजेट पेश गर्दै समग्र ओमसतिया गाउँपालिकालाई समृद्धीको दिशामा अगाडि बढाउन मार्गदर्शन हुने गरी देहायका नीतिहरु अवलम्बन गर्न प्रस्ताव गर्दै सभ्य, स्वस्थ र समृद्ध ओमसतिया गाउँपालिकाको परिकल्पना गर्दछु।

- भू-उपयोग नीति बनाई कृषि, खानी, जडिबुटी, व्यापारिक, बस्ती आदी क्षेत्रको बर्गिकरण गरी भूमिको बैज्ञानिक व्यवस्थापन गरिनेछ। कृषि भूमिको खण्डिकरण, प्लाटिङ्गलाई निरुत्साहित गरिनेछ। गाउँपालिकाको विस्तृत सर्भे र नापी गर्ने कार्य आरम्भ गरिनेछ।
- पशु जन्य उद्योग एवं कृषिमा व्यवसायिकरण गरिनेछ । पशुजन्य उत्पादनमा बृद्धि गर्न प्रभावकारीरुपमा नश्लसुधार कार्यक्रम सञ्चालन गरिनेछ । रासायनिक मल तथा बिषादीको प्रयोगलाई न्यूनिकरण गरी अर्गानिक कृषि उत्पादनमा जोड दिईनेछ। बेमौसमी तरकारी उत्पादनमा टनेल र साना सिंचाईको प्रयोग गरिनेछ।

- प्राविधिक शिक्षा प्रदायकसंग साझेदारी एवं समन्वयमा कृषि उत्पादन र कृषकहरुको क्षमता विकासमा सहयोग पुऱ्याइनेछ। विद्यालयमा प्राविधिक विषयको अध्यापन समावेश गराउन पहल गरिनेछ।
- गाउँपालिका भित्रका सबै प्रकारका व्यवसायहरु अनिवार्यरुपमा नियमानुसार दर्ता गरेरमात्र सञ्चालनको लागि पहल गरिनेछ। प्रचलित कानून बमोजिम दर्ता तथा सूचिकृत भए पश्चात उद्योग तथा व्यवसाय सञ्चालनमा हुने कुराको निश्चितता गरिनेछ।
- सार्वजिनक जग्गाको एकिन गरी छुट्टाईने छ। साथै, नापी नभएको जग्गालाई नापी गर्न पहल गरिनेछ। सार्वजनिकस्थानको अभिलेखिकरण र संरक्षण गरिनेछ। सार्वजनिकस्थानको अतिक्रमण पूर्णरुपमा रोकि बनेका संरचना हटाईनेछ। सार्वजनिक स्थान लिजमा पनी दिन सकिनेछ।
- कृषि उत्पादन बृद्धिको लागि प्रत्येक वडामा नै माटो परीक्षण गरिनेछ। वीउबिजन तथा यान्त्रिकिकरणमा साझेदारी कार्यक्रम मार्फत सहुलियत उपलब्ध गराईनेछ।
- पर्यटन प्रवर्द्धन तथा विकासको लागि पर्यटन गुरुयोजना निर्माण गरिनेछ। गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान गरी विकासमा जोड दिईनेछ।
- **Eco-Tourism** को अवधारणालाई आत्मसात् गर्दै पर्यावरण हराभरा बनाउँदै भू-क्षय तथा जथाभावी माटो खन्ने तथा ओसारपसार माथि नियमन गरिनेछ। वातावरण मैत्री गाउँपालिकाको अवधारणा बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ।
- केन्द्र तथा प्रदेश सरकार, दातृ संस्था, गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यमा आयमुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- सार्वजनिक उद्यान तथा पार्क, मनोरञ्जन केन्द्र निर्माण तथा स्थापना गरिनेछ। पर्यटन प्रवर्धनको लागि एकिकृत सूचना केन्द्रको स्थापना गरिनेछ।
- पशु र कृषि बिमा कार्यक्रम क्रमशः लागु गरिदै गईनेछ।
- ठुला योजना तथा विकासका लागि समपुरक कोषको स्थापना गरी कार्यान्वयनमा ल्याईनेछ।
- “स्वस्थ्य विद्यार्थी उच्च उपलब्धी”को अवधारणा बमोजिम विद्यार्थीको स्वास्थ्यलाई मध्यनजर राख्दै सबै सरकारी विद्यालयमा विद्यालय नर्सको व्यवस्था गरिनेछ। सम्पूर्ण नीजि विद्यालयहरुमा समेत विद्यालय नर्स अनिवार्यरुपमा राख्ने प्रावधान ल्याईनेछ।
- सम्पूर्ण विद्यालयहरुलाई भौतिकरुपमा सवल बनाईनेछ। सामुदायिक विधालयको गुणस्तर सुधारका लागि विद्यालयमा कार्यरत सवै शिक्षकहरुलाई कार्यसम्पादन करार गराई सिकाइ उपलब्धि वृद्धिमाजोड दिइनेछ। साथै, कार्य सम्पादन मूल्यांकनको आधारमा तहगत उत्कृष्ट शिक्षकलाई पुरस्कृत गरिनेछ। नैतिक र व्यवसायिक शिक्षामा जोड दिदै प्रविधिमैत्री पठनपाठन प्रणाली अपनाईने छ। सबै विद्यालयहरुमा कम्प्युटर ल्याव सञ्चालन गरी कम्प्युटर शिक्षकको व्यवस्थापनमा ध्यान दिईनेछ।
- गाउँपालिकालिकामा सञ्चालित सवै विद्यालयहरुमा अंग्रजी माध्यमबाट पठनपाठनमा विशेष जोड दिदै आ.व. ०७८।७९ सम्ममा कम्तीमा कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट अध्यापन गराईनेछ।
- वालमैत्री शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइनेछ। सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्न विद्यालय संरचना भित्र प्रारम्भिक बालशिक्षा संचालनलाई प्रभावकारी बनाईनेछ।
- शिक्षण सिकाइ प्रक्रियामा सहज सिकाइ वातावरण सिर्जना गर्न वालविकास केन्द्र, कक्षा १ देखि बसाइ व्यवस्थापन र शैक्षिक सामग्रीयुक्त कक्षाकोठाको विकास गर्दै न्युनतम वर्षको एउटा कक्षालाई नमूना कक्षाको रुपमा विकास गर्दै लगिनेछ।
- सामुदायिक विद्यालयको पहुँच सबैमा पुऱ्याउन, विद्यालय बाहिर रहेमा वालवालिकालाई विद्यालयमा ल्याउन, आर्थिक विपन्न वालवालिकाको सिकाइलाई प्रवर्द्धन गर्न गाउँपालिका भित्र कम्तिमा एउटा छात्रावास खोल्न पहल गरिनेछ।
- गाउँपालिकाभित्र सञ्चालन भएका विद्यालयहरुलाई भौगोलिक अवस्था एवं विद्यार्थीहरुको संख्याको आधारमा विद्यालयहरुको संयोजन, कर्मचारीहरुको दरबन्दी मिलान तथा व्यवस्थापन र विद्यालयको तह घटाउने वा बढाउने कार्य गर्दै लगिनेछ।

- विद्यालय भर्ना दर बृद्धि गर्ने तथा छोड्ने दर न्युन गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम संचालन गरिने छ । साथै, सरकारी, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षा बाट बञ्चित बालबालिकाहरु लगायत अन्यका लागि अनौपचारिक शिक्षा कक्षा संचालनमा जोड दिइनेछ ।
- गाउँपालिका भित्र कम्तिमा एउटा प्राविधिक शिक्षालय स्थापनाको लागि पहल गरिनेछ ।
- आधुनिक शिक्षण पद्धति र प्रविधियुक्त शिक्षाको लागि लक्षित शिक्षकहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्दै प्रभावकारी सिकाईको लागि अधिकतम **ICT** को प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- आ.व. २०७८।७९ सम्ममा प्रत्येक वडामा १/१ वटा खेलकुद मैदान र गाउँपालिकास्तरमा रंगशाला निर्माणको लागि पहल गरिनेछ ।
- गाउँपालिका अध्यक्ष कप खेलकुद प्रतियोगिता बर्षको एक पटक आयोजना गरिनेछ । साथै, गाउँपालिका तथा वडास्तरीय अन्य खेलकुद कार्यक्रमहरु समेत संचालन गरिनेछ ।
- प्रत्येक बालबालिकालाई निर्धारित उमेर भित्र सबै किसिमका खोपको पूर्ण प्रत्याभूति गराईनेछ ।
- **Screening** गरी आवश्यकतानुसार स्थानीय तहमा सम्बन्धित विषयविज्ञहरु सहितको स्वास्थ्य क्याम्प चलाईने छ । विभिन्न गै.स.सं., अस्पताल तथा मेडिकल कलेजहरुको समन्वयनमा स्थानीयतहमा नै विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य जाँचको व्यवस्था गरिनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकाको क्षमता अभिवृद्धि गराउने र महिला स्वास्थ्य स्वयम् सेविकाबाट प्रदान हुने सेवालाई थप प्रभावकारी बनाईनेछ । उमेरको हद वा अन्य अवस्था हेरी कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स-सम्मान बिदाई गरी निश्चित मापदण्डको आधारमा महिला स्वास्थ्य स्वयंसेविकाहरुको छनौट गरिनेछ ।
- नेपाल सरकारको निःशुल्क औषधी तथा स्वास्थ्य सेवा कार्यक्रमलाई प्रभावकारी टेवा पु¥याई स्वास्थ्य सेवामा सवैको पहुँच सुनिश्चित गरिनेछ । साथै, स्वास्थ्य बिमा कार्यक्रम लागुगर्न आवश्यक पहल एवं समन्वय गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालित सबै स्वास्थ्य चौकीको स्तरोन्नति गरिने छ । गाउँपालिकामा कम्तिमा १५ शैया सहितको सामुदायिक अस्पताल संघीय र प्रदेश सरकारसंग समन्वयन गरी स्थापनाको लागि पहल गरिनेछ । गाउँपालिका सबै स्वास्थ्य संस्थाहरुमा बर्थिङ्ग सेन्टर, प्रयोगशाला सञ्चालनको लागि पहल गरिनेछ । खोपकेन्द्र तथा गाउँघर क्लिनिक भवन निर्माणमा पहल गरिनेछ ।
- अपाङ्ग र अशक्त जेष्ठ नागरिकलाई तोकिएको मापदण्डको आधारमा घरमै प्रारम्भिक स्वास्थ्य जाँच सेवा उपलब्ध गराइनेछ ।
- फोहोर मैला व्यवस्थापन तथा सरसफाई सम्बन्धि नीति तथा कार्यविधि निर्माण गरी लागू गरिनेछ । प्रत्येक टोलमा सरसफाई सम्बन्धि टोल सरसफाइ समिति बनाई प्रत्येक टोललाई पूर्ण सरसफाईयुक्त बनाउदै समग्रमा ओमसतिया गाउँपालिकालाई नै पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक विद्यालय, स्वास्थ्य संस्था र सम्पूर्ण सार्वजनिक कार्यालय एवं स्थलको वातावरणलाई पूर्ण सरसफाईयुक्त बनाउन फोहोर जलाउने इन्सिनेटर निर्माण गर्ने कार्यको थालनी गरिनेछ । विद्यालयहरुको शौचालय छात्रा तथा अपाङ्गमैत्री समेत बनाउन पहल गरिनेछ ।
- सबै धर्म, संस्कृति, रीतिरिवाज, संस्कार आदि संरक्षण एवं सम्बर्धनको लागि पहल गरिनेछ । गाउँपालिका भित्र रहेका सम्पूर्ण मठमन्दिर, गुम्बा, मस्जिद तथा धार्मिक स्थलको संरक्षण र सम्वर्धन गरिनेछ । ओमसतिया मन्दिर क्षेत्रलाई धार्मिक पर्यटन क्षेत्र घोषणा गर्दै प्रवर्धनमा पहल गरिनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न महिला, वालवालिका, दलित, आदिवासी, जनजाति, मुस्लिम, मधेसी, पिछडा बर्ग तथा जेष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण गर्न आवश्यक क्षमता विकासका कार्यक्रमहरू संचालन गरीनेछ । विपन्न, अल्पसंख्यक, मुस्लिम, दलित, लोपोन्मुख, पिछडा वर्ग र सामाजिक तथा आर्थिकरुपमा पछाडी परेको वर्गको लागि विशेष कार्यक्रम ल्याईनेछ ।

- घरेलु तथा साना उद्योग संचालन गरी रोजगारीका अवशरहरु श्रृजना गर्न महिलाहरुलाई सीपमुलक तालिम प्रदान गरी उनिहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ । महिला सशक्तिकरण र हरेक क्षेत्रमा महिला सहभागितामा जोड दिईनेछ ।
- गाउँपालिका स्तरमा तालिमकेन्द्र स्थापनाको लागि पहल गरिनेछ ।
- अपाङ्ग परिचयपत्र वितरण गर्नुका साथै अपाङ्गता भएका व्यक्तिहरुका लागि सीपबिकास तालिम संचालन गरिनेछ । साथै, अपाङ्ग बालबालिकाहरुका लागि विषेश कक्षामा भर्नाका लागि प्रोत्साहन गरिनेछ ।
- **NGO\INGO** सँग सहकार्य र समन्वय गरी विकासका लागि साझेदारीको रुपमा सहभागी गराउने निति लिईनेछ ।
- “महिनाको एक दिन श्रम”को अवधारणा अनुसार प्रत्येक महिनाको तोकिएको निश्चित दिनमा सबै शिक्षक, कर्मचारी तथा जनप्रतिनिधीले सार्वजनिक हित जस्तै : सरसफाई, बृक्षारोपण, निर्माण आदि जस्ता सार्वजनिक कार्यक्रमहरुमा अनिवार्यरुपमा श्रम गर्नुपर्ने नीति अवलम्बन गरिनेछ ।
- विपन्न, असहाय, गरिव तथा आर्थिक र सामाजिकरुपले पछाडी परेका जनताहरुलाई निश्चित विधी र प्रक्रियाको आधारमा आवास उपलब्ध गराउन आवश्यक कार्यक्रम ल्याईनेछ ।
- गाउँपालिकाको आन्तरिक श्रोत अभिबृद्धि गर्नका लागि सम्भाब्य श्रोतहरुको पहिचान र किटान गरिनेछ । गाउँपालिका भित्र संचालित सम्पूर्ण उद्योग, व्यवसायहरुलाई गाउँपालिकामा अनिवार्य दर्ता हुनु पर्ने व्यवस्था गरी करको दायरामा ल्याईनेछ । राजश्व अभिबृद्धिकरका लागि सम्पूर्ण नीतिगत तथा संस्थागत प्रबन्ध गरिनेछ ।
- स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गरिनेछन । यसका लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ । उद्योगमैत्री नीतिको अवलम्वन गरी गाउँपालिका भित्र उद्योग धन्दा, कलकारखानाको स्थापना र संचालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका विपतका दृष्टिकोणले अत्यन्त संवेदनशिल रहेको कारण विपत व्यवस्थापनका लागि एक विपत व्यवस्थापन कोषको निर्माण गरिनेछ । विपतमा परेकालाई तत्काल राहतको प्रबन्ध मिलाईनेछ । विपत पूर्वतयारी र विपत प्रतिकार्य कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
- ओमसतिया गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका बनाईनेछ । यसका लागि ढल व्यवस्थापन, फोहरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- कृषि क्षेत्रलाई आधुनिकरण र व्यवसायिकरण गरिनेछ ।
- गाउँपालिकालाई कृषि क्षेत्रको हब का रुपमा रुपान्तरण गरिनेछ । गाउँपालिकामा रहेका कृषि योग्य भूमिलाई विभिन्न ब्लक र पकेटमा विभाजन गरी माटो सुहाउदो आधुनिक र व्यवसायिक खेतीलाई जोड दिईनेछ । कृषि अन्तर्गत मल र बिउमा अनुदान दिने व्यवस्था गरिनेछ ।
- कृषिउपजबाट वास्तविक कृषकले राम्रो मूल्य नपाउने तर बिचौलियाहरु मौलाउने परिपाटीलाई अन्त्य गर्न गाउँपालिका भित्र प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र (मण्डी) संचालनमा ल्याउन पहल गरिनेछ ।
- “एक घर, एक करेसाबारी” नीति अवलम्वन गरिनेछ ।
- ओमसतिया गाउँपालिका भित्र कृषि परियोजनाको लागि भाडामा लिएको जग्गाको ५० प्रतिशत भाडा स्थानिय तहले व्यहोर्न सक्ने प्रावधान बनाउन पहल गरिनेछ ।
- आर्थिक रुपले महत्वपूर्ण जडिबुटी, वनपैदावारहरु, फलफुल र वनस्पतिहरुको उत्पादन एवं संरक्षणमा जोड दिईनेछ ।
- स्वच्छ र स्वस्थ खानेपानीको पहुँचमा सवै नागरिकलाई पुर्‍याईनेछ । यसका लागि डिप ट्युबवेल, ओभरहेड टंङ्की निर्माण कार्यलाई थप प्राथमिकताका साथ संचालन गरिनेछ । गाउँगाउँमा रहेका ईनार, पोखरी, सार्वजनिक धाराहरुलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिका भित्र रहेका अव्यवस्थित बसोवासलाई व्यवस्थित गरिनेछ । यसका लागि गाउँपालिका भित्रका सम्पूर्ण सार्वजनिक सम्पत्तिको अभिलेखिकरण र संरक्षण गरिनेछ । वास्तविक भूमिहिनलाई व्यवस्थित गर्न पहल गरिनेछ । सार्वजनिक सम्पत्तिको पहिचान, अभिलेखिकरण गरी सुरक्षित गरिनेछ ।

- बालिका भ्रूण हत्या, बाल विवाहलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ । यसका लागि पुरै देशमा चर्चित बालिका संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- लैङ्गिक समानता, मूलप्रवाहीकरण र महिला सशक्तिकरणका लागि आवश्यक नीतिगत प्रबन्ध मिलाईनेछ र व्यवहारमा रुपान्तरण गरिनेछ ।
- असहाय र अनाथ व्यक्तिहरुको सामाजिक संरक्षण गरिनेछ । यसका लागि स्याहार केन्द्रको स्थापना र संचालन तर्फ ध्यान दिईनेछ ।
- गाउँपालिकाको भू-.उपयोग नीति तयार गरिनेछ । कृषि भूमिको खण्डिकरण , प्लाटिङ्गलाई निरुत्साहित गरिनेछ । गाउँपालिकाको विस्तृत सर्भे र नापी गर्ने कार्य आरम्भ गरिनेछ ।
- समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित रही छिमेकी स्थानीय तहहरु, प्रदेश सरकार र केन्द्र सरकारसंग सहकार्य र समन्वय गरी गा.पा.को समग्र विकासका लागि आवश्यक क्रियाकलापहरु संचालन गर्न आवश्यक पर्ने प्राविधिक एवं आर्थिक सहयोगका लागि पहल गरिनेछ ।
- स्थानीय सडक तथा भौतिक पूर्वाधारहरुको निर्माण तथा उपयोग गर्दा वातावरणीय सन्तुलनको पक्षलाई ध्यान दिदै पानीको मुहान, वनजंगल, वस्ती, खोलानाला, पर्यटकिय तथा धार्मिक क्षेत्रको संरक्षणलाई उच्च प्राथमिकतामा राखिनेछ । वातावरण मैत्री सडक निर्माणको अवधारणालाई आत्मसाथ गरिनेछ । पूर्वाधार विकास तथा निर्माण सम्वन्धि सवै कार्यहरु उत्पादनमुखी, वातावरणमैत्री, अपांगतामैत्री, बालमैत्री, जेष्ठ नागरिकमैत्री र प्रकोप प्रतिरोधी बनाउने कार्यविधि निर्माण गरी कडाईकासाथ लागु गरिनेछ ।
- ठूला पूर्वाधार निर्माण तथा विकासका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरी अघि बढिनेछ । सो को लागि योजना पहिचान गरी डि.पि.आर. तयार गरी पेश गरिनेछ ।
- विभिन्न ठाउँमा रहेको स्थानीय बजारलाई व्यवस्थित बजार **(Smart City)** को अवधारणा अनुसार अगाडि बढाइनेछ ।
- भवन निर्माण आचार संहितालाई अनिवार्य रुपमा लागु गर्दै बस्ती विकासलाई व्यवस्थित बस्ती विकासको अवधारणा बमोजिम गर्दै गाउँपालिका मार्फत भवन निर्माण कार्यविधि निर्माण गरी नक्सा पास गरेर मात्र भवन निर्माण कार्य अघि वढाइनेछ ।
- सरकारी भवनहरु अपाङ्ग र बालमैत्री तवरले निर्माण गरिनुको साथै आवश्यकताको आधारमा उपयुक्त ठाउँहरुमा सामुदायिक भवन निर्माण गरिनेछ ।
- नविकरणीय उर्जाको उत्पादन र उपयोगमा जोड दिदै बैकल्पिक ऊर्जा प्रवर्द्धनका लागि अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- स्थानिय जनताको सूचना तथा संचारको अधिकारलाई सम्मान गर्दै स्थानिय छापा तथा रेडियो/एफ.एम./टेलिभिजन संचालनमा प्रोत्साहन गरिनेछ ।
- साना तथा लघु सिंचाई कार्यक्रम संचालन गर्दै गाउँपालिका भित्र संचालन गर्न सकिने बृहत सिंचाई परियोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी आवश्यक बजेट व्यवस्थापनका लागि संघीय तथा प्रदेश सरकारसंग पहल गरिनेछ ।
- गाउँपालिका भित्रका प्रत्येक घरधुरीको सर्वेक्षण गरी डिजिटलाईज गरिनेछ । प्रत्येक घर र व्यक्तिलाई **Unique Identification Number** उपलब्ध गराउदै गाउँपालिकाको बृहत प्रोफाइल तयार गरिनेछ । गाउँपालिकाको रणनीतिक योजना, गुरु योजना, आवधिक योजना र ई-प्रोफाइल तयार गरी सोही बमोजिम नै अन्य योजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ओमसतिया गाउँपालिका वा अन्तर्गतका कार्यालयहरुबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवं सुशासनको प्रत्याभूती गरिनेछ ।
- वित्तीय व्यवस्थापन, जवाफदेहिता र क्षमतामा अभिबृद्धि गर्न लेखाङ्कन प्रणालीलाई चुस्त दुरुस्त र डिजिटलाईज गरिनेछ ।
- आर्थिक अनुशासन कायम गर्न हरेक आर्थिक कारोबार बैकिङ्ग प्रणालीबाट मात्र सञ्चालन गरिनेछ ।

- राजश्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरणको लागि आवश्यक नीति तथा कार्य विधिको निर्माण गरि लागु गरिनेछ ।
- आन्तरिक तथा अन्तिम लेखा परिक्षण, बेरुजु फछ्र्यौट आदि सु-शासनका पक्षहरुलाई प्रभावकारी रुपमा अगाडि बढाईनेछ, कार्यान्वयन गरिनेछ ।
- सार्वजनिक संस्थाहरुको कार्य सम्पादनलाई प्रभावकारी बनाउन संरचनागत, मानवसंशाधन, भौतिक र व्यवस्थापकीय पक्षलाई चुस्त बनाईनेछ ।
- गाउँपालिका वा अन्तर्गतका कार्यालयहरुबाट प्रवाह हुने सेवाको लागि सेवा प्रवाह मापदण्ड निर्धारण तथा निर्माण गरि सोहि बमोजिम नै गरिनेछ । उपभोक्ता समितिमार्फत हुने विकास कार्यमा उपयुक्त पद्धतीमार्फत व्यवस्थित, प्रतिफलमुखी र पारदर्शी बनाउन आवश्यक कार्यविधी अपनाईनेछ ।
- टोल विकास समिति गठन गरी साना तथा मझौलास्तरका विकास आयोजनाहरुमा सहकार्य गरिनेछ । विकास कार्यमा सहकार्य गर्न, विकासलाई स्थायित्व दिन र संरचनाहरुलाई संरक्षण गर्न प्रत्येक टोलमा टोल विकास समिति बनाई गाउँपालिकामा दर्ता गरिनेछ । विकासका कार्यक्रमहरु टोल विकास समिति मार्फत गर्न प्रयास गरिनेछ ।

- सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको अधिकतम प्रयोग गरि प्रभावकारिता, पारदर्शिता र मितव्ययिता अपनाईनेछ । विद्युतीय हाजिरी, सि.सी.टि.भि., केन्द्रीय एकिकृत सूचना प्रणाली, वेवसाईट तथा ईन्ट्रानेटको प्रयोग मार्फत प्रशासनिक कार्य सम्पादनलाई चुस्तता दिने प्रयास गरिनेछ । चालु आ.व.मा नै सबै वडा कार्यालयहरु, स्वास्थ्यसंस्थाहरु, विद्यालयहरुमा विद्युतीय हाजिरी प्रणाली जडान गरी कर्मचारी व्यवस्थापनलाई चुस्तता दिइनेछ ।
- शिक्षक, कर्मचारी र जनप्रतिनिधिहरुको आचारसंहितालाई कडाईका साथ लागू गरिनेछ । जनताको जनगुनासो व्यवस्थापनको लागि उपयुक्त गुनासो सुनुवाई संयन्त्र सञ्चालन गरिनेछ ।
- जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिबृद्धि एवं विकासको लागि आवश्यक प्रशिक्षण तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ । राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्चराख्न आवश्यक सेवा, सुविधा तथा प्रोत्साहनमूखी कार्यक्रमहरु ल्याईनेछ । कर्मचारी समायोजनलाई प्रभावकारीरुपमा व्यवस्थापन तथा कार्यान्वयन गरिनेछ ।
- गाँउपालिका भित्रका सम्पूर्ण सरकारी, अर्धसरकारी वा निजी भवनहरुको लागि **Color Code** लागु गरिनेछ ।
- समग्र विकासको लागि विज्ञहरुको समूह **Think Tank** को अवधारणा ल्याईनेछ ।

आदरणीय उपस्थित महानुभावहरु,

नीति तथा कार्यक्रम ल्याउन र त्यसलाई कार्यान्वयनमा लैजानु मात्र उपलब्धी होईन । गाउँपालिकाको प्राविधिक र आर्थिक सबलता र सक्षमता संग ती नीति तथा कार्यक्रमलाई जोड्दै बजेट मार्फत सम्बोधन गर्न सकेमा मात्र नीति तथा कार्यक्रमले सार्थकता पाउने हुन्छ । यसका लागि सम्पूर्ण जननिर्वाचित प्रतिनिधीहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीहरु, गाउँपालिकाका प्रबुद्ध वर्गहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, सुरक्षा निकायका मित्रहरु, पत्रकार साथिहरु सवैले सम्पूर्ण प्रक्रियामा अपनत्व ग्रहण गर्दै पूर्ण ईच्छाशक्तिका साथ काँधमा काँध मिलाएर अगाडी बढ्नु पर्ने देखिन्छ । तसर्थ सदा झै आगामी दिनहरुमा पनि हजुरहरुको साथ, सहयोग र खबरदारीको अपेक्षा राख्दै यो नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्नुहुन सम्पूर्ण गाउँसभाका सदस्यहरु, कार्यपालिका सदस्य, गाउँ कार्यपालिकाको कार्यालयका कर्मचारी परिवार, सम्पूर्ण राजनैतिक दलका प्रतिनिधीहरु प्रबद्ध व्यक्तित्वहरु एवं मलाई निर्देशन गर्ने पार्टीका नेतृत्व अग्रज एवं मित्रहरुलाई हार्दिक धन्यवाद एवं आभार प्रकट गर्दछु ।

हिरा केवट (राहुल)
अध्यक्ष
ओमसतिया गाउँपालिका, रुपन्देही ।